मिति २०७९ चैत १३ र १४ गते सम्पन्न प्रदेश विकास समस्या समाधान समिति (PDAC) तथा आ.व. २०७९/०८० को दोस्रो चौमासिक प्रगति समिक्षा बैठकमा विषय/क्षेत्रगत मन्त्रालय/निकायबाट प्रस्तुत गरिएको प्रगति विवरण सम्बन्धमा माननीय मुख्यमन्त्री तथा प्रदेश योजना आयोगका अध्यक्ष लिला गिरीज्यूले प्रदेश सरकार मातहतका मन्त्रालय तथा निकायहरुलाई दिनुभएको निर्देशनहरु:

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:

१. सामान्यतः दोस्रो चौमासिक सम्म कम्तिमा ४० प्रतिशत प्रगति हासिल गर्नुपर्नेमा २५ प्रतिशत जति मात्र प्रगति हुनुमा दु:खद छ । तसर्थ कार्यसम्पादन स्तर र दरमा तीव्रता दिनुपर्ने।

२. विश्वव्यापी राष्ट्रिय अर्थतन्त्रमा आएको संकुचनवाट सिर्जित मन्दीले अफ्ठ्यारो परिस्थिति सिर्जना भएको साथै विगतमा संचालित आयोजनाले सिर्जना गरेको आर्थिक दायित्व व्यवस्थापन गर्दै उच्च कार्य प्रगति हासिल गर्ने।

३. उच्च प्रशासनिक तहबाट राजनीतिक उतारचढाव र घटना परिघटनाबाट कार्यसम्पादन र सेवा प्रवाहमा प्रभाव पर्न नदिई सेवा प्रवाहको गुणस्तर सुनिश्चितता गर्ने।

४. प्रदेशमा सञ्चालित राष्ट्रियस्तरका आयोजना/ कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय तथा जनस्तरमा परेको प्रभाव र गुनासो सम्वोधनको लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने।

५. केन्द्र र स्थानीय तहसँग सम्बन्ध/ समन्वय प्रभावकारी रुपले गर्ने।

६. प्रदेशमा सञ्चालित संघीय आयोजना/कार्यक्रमको कार्यान्वयन अवस्था, विद्यमान समस्या तथा चुनौती र स्थानीय स्तरमा परेका असर सम्बोधन सम्बन्धमा प्रदेश सरकारको भूमिका र सहजीकरण सम्बन्धी सरोकारवाला तथा सम्बन्धित आयोजना प्रमुखसँग एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने।

## आर्थिक मामिला मन्त्रालय:

१. बजेटको अभावमा आयोजना कार्यान्वयन गर्न नसक्ने अवस्था सिर्जना हुन नदिने ।

२. मुख्यमन्त्री कार्यालय लगायत सबै मन्त्रालय लगायत संघ र स्थानीय तहसँग प्रदेश सरकारका नीति तथा कार्यक्रम एवम् बजेटमा उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

३. आयोजना कार्यान्वयनको स्थिति मूल्याङ्कन गरी बजेट व्यवस्थापन गर्ने ।

४. राजश्व बाँडफाँटलाई यथार्थपरक बनाउँदै राजश्वको थप स्रोत पहिचान र दायरा विस्तार गर्ने।

## खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालय:

१. खानेपानीको क्षेत्रमा ८० प्रतिशत भन्दा बढी प्रगति भएका आयोजनाहरुलाई सम्पन्न हुने गरी कार्यक्रम अगाडि बढाउने।

२. आयोजना कार्यान्वयनबाट सिर्जित वित्तीय दायित्व भुक्तानीको लागि आन्तरिक वा अन्य श्रोत र रकमान्तरबाट व्यवस्थापन गर्ने।

भौतिक पूर्वाधार विकास मन्त्रालयः

१. टुक्रे आयोजना प्रवृत्ति पूर्ण रुपमा निरुत्साहित र निषेध गर्ने ।
२. रकमान्तर र वित्तीय व्यवस्थापनमा आर्थिक मामिला मन्त्रालयसँग समन्वय गर्ने ।
३. आयोजना छनौट गर्दा प्रदेशको प्राथमिकता, भूगोल, जनसंख्या र विकास अवस्थालाई ध्यान दिई बजेट प्रस्ताव गर्ने ।
४. चालु आयोजनाको कार्यान्वयन सुनिश्चित गरेर मात्र नयाँ आयोजना/कार्यक्रम माग तथा प्रस्ताव पेश गर्ने।

स्वास्थ्य मन्त्रालयः

१. कोभिड कोषको रकम पीडित परिवारलाई प्रक्रिया पुर्‍याएर वितरण गर्ने।
२. दरबन्दी मिलान गरी थप विशेषज्ञ सेवा प्रदान गर्न अस्थायी पदपूर्तिको व्यवस्था गर्ने।
३. स्वास्थ्य बिमाको प्रभावकारी कार्यान्वयनमा जोड दिई कार्यक्रम ल्याउन आवश्यक पहल गर्ने।
४. सुरक्षित मातृत्व र मातृ शिशु मृत्युदर घटाउने कार्यक्रमको प्रभावकारिता उल्लेख्य रुपमा अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गर्ने।

आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयः

१. प्रदेश मन्त्रालय पूर्नसंरचना भई सहकारी सम्बन्धी कार्य समेत यस मन्त्रालयमा थपिएको हुँदा सहकारी सम्बन्धी कार्यलाई नियमित रुपमा संचालन गर्ने कार्य यथाशीघ्र अगाडि बढाउने।
२. आन्तरिक मामिला मन्त्रालयको संरचना सबै जिल्लामा नभएकोले कस्तो संरचना बनाउने सो सम्बन्धमा छलफल गरेर प्रक्रिया अगाडि बढाउने।
३. प्रहरी चेक जाँच निश्चित, नियमित र प्रभावकारी रुपमा व्यवस्थित तरिकाले गर्नुपर्ने।
४. प्रदेश प्रहरी समायोजनका लागि ऐन निर्माण भइसकेको हुँदा समायोजन प्रक्रिया अगाडि बढाउन प्रदेशमा आवश्यक पहल गर्ने।
५. सशस्त्र प्रहरी र नेपाली सेनासँग सहकार्य गर्दै विपद् व्यवस्थापनको कार्य प्रभावकारी बनाउने।

वन तथा वातावरण मन्त्रालयः

१. वन सम्बन्धी मुद्दा हेर्ने मामिला संघ र प्रदेश बीच अन्यौलको अवस्था विद्यमान नै रहेकोले ऐन संशोधन गर्न अग्रसरता लिनुपर्ने।
२. ढोरपाटन शिकार आरक्षको अधिकांश भू-भाग लुम्बिनी प्रदेशको क्षेत्रमा पर्ने भएतापनि सो शिकार आरक्षबाट संकलन हुने राजश्व गण्डकी प्रदेशले लिईराखेकोले यस विषयमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने।
३. सामुदायिक वनको सदुपयोग, वन पैदवारको कटानी र निकासीबाट प्राप्त हुने राजश्वको परिचालन एवम् अभिवृद्धि सुनिश्चिततासँगै अनियमितता रोक्ने कार्यक्रम आवश्यक कडाइका साथ लागू गर्ने।
४. रैथाने र जङ्गली फलफूल र अन्य उत्पादन र आयस्तर बढाउन वनपैदावार बढाउनुपर्ने।

५. वनजंगलको विविधीकरण र व्यवसायीकरणका लागिं कृषि वन, वन पर्यटन लगायतका कार्यक्रम प्रभावकारी रुपमा अगाडी बढाउने।

६. वन अतिक्रमणलाई पूर्ण रुपमा निरुत्साहित गर्नुपर्ने र वन क्षेत्रको अनधिकृत प्रयोगलाई Pro-active अवधारणामा आधारित भई वन तथा पर्यावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने।

७. वन, वातावरण क्षेत्रको सदुपयोग गरी उपयोग र अर्थोपार्जन कार्यक्रमलाई एकीकृत रुपमा संरक्षणको कार्यक्रम साथसाथै लिएर जानुपर्ने।

८. साँस्कृतिक एवम् वातावरणीय महत्त्वका परम्परागत रुपमा संरक्षित चौतारी, पाटी, पौवा एवम् वरपिपल चौतारी सम्वर्द्धन र प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

९. वन क्षेत्रभित्र वर्षाको पानीको व्यवस्थापनका लागि पुनःभरण पोखरी तथा Recharge area व्यवस्थापन गर्ने।

१०. वन क्षेत्रबाट प्राप्त हुने राजस्व व्यवस्थापन र अभिवृद्धि गर्न आवश्यक कार्यविधि निर्माण गर्ने।

११. वन पैदावर र उत्पादनको सदुपयोग योजना बनाईं कार्यान्वयन गर्ने।

१२. वन अतिक्रमण रोक्न राजनीतीक र प्रशासनिक नेतृत्वको तदारुकता कायम गर्दै समुदायस्तरमा सचेतना र सहभागिता बढाउने कार्यक्रम ल्याउनुपर्ने।

१३. शहर उन्मुख बस्ती नजिक वन अतिक्रमणमा सम्बन्धित पक्ष मौन तथा कार्यक्रम प्रभावकारी हुन नसकेको अवस्थामा यस्ता संवेदनशील क्षेत्रको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने।

१४. वन तथा वातावरण मन्त्रालय अन्तर्गतको बेरुजु सम्बन्धमा असुल उपर गर्नुपर्ने बेरुजुको मात्रा बढी देखिएकोले यसलाई समाधान तर्फ पहल गर्ने।

<u>उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयः</u>

१. बजार अनुगमनलाई तीव्रता दिँदै कालोबजारी तथा गुणस्तरहीन वस्तुको बजारीकरणलाई पूर्ण रुपमा नियन्त्रणमा ल्याउने।

२. उद्योगको लागि दक्ष जनशक्ति उत्पादनको लागि औपचारिक र अनौपचारिक शिक्षालाई कृषि क्षेत्र तथा उद्योगहरूसँग समन्वय गरी एकीकृत सीप विकास कार्यक्रम सञ्चालन गर्ने।

३. यातायात कार्यालयको सेवालाइ जनमैत्री र गुनासो रहित बनाउन आवश्यक योजना तयार गरी लागू गर्ने।

४. प्रदेशमा सञ्चालित साना तथा घरेलु उद्योगहरुलाई व्यवस्थित तथा प्रभावकारी बनाउने।

५. लुम्बिनी विकास कोषमा अनुदानमा आएका सवारी साधनको नम्बर प्लेटलाई हरियो प्लेट बनाउन किन रोकियो अविलम्ब जाँच गरी कारवाही अगाडि बढाउने।

६. कागज कारखानाको सम्बन्धमा निजी क्षेत्रसँग सहकार्य गरी अगाडि बढाउने

७. बजार माग बमोजिम आवश्यक रोजगारी सिर्जना, आयात प्रतिस्थापन र राजस्व अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

८. उद्योग स्थापना र अभिवृद्धिका लागि छुट सहुलियतलाई कसरी व्यवस्थित गर्ने भन्ने सम्बन्धमा अन्तरनिकाय एवम् अन्तरमन्त्रालय समन्वय गरेर अगाडि बढाउने।

कृषि तथा भूमि व्यवस्था मन्त्रालयः

१. कृषि, शिक्षा र स्वास्थ्यमा विशेष कार्यक्रम लागू गर्न विगतमा सञ्चालित आयोजनाको अनुभव र नतिजाको अधारमा Re –design गरी परिणाम देखिने गरी कार्य सम्पादन गर्ने।
२. कृषि उत्पादनमा आत्मनिर्भर उन्मुख बनी निर्यातसम्म पुग्ने कार्ययोजना बनाउने र जंगली जनावर-बाँदर, बँदेल लगायतको व्यवस्थापन गरी बालीनाली तथा जीऊधनको क्षति न्यूनीकरण गर्ने।
३. अनुदानको दुरुपयोगलाई पूर्ण रुपमा रोक्ने सुनिश्चित हुने गरी उत्पादन र नतिजामा आधारित अवधारणा विकास गरी लागू गर्ने।
४. कृषिको उत्पादन लागत घटाउने एवम् बजार पहुँच विस्तार गर्ने कार्यक्रम बनाउने तथा आगामी बजेटबाट किसानको जीवनस्तरमा परिणाम देखिने गरी नयाँ तथा सुधारका कार्यक्रम ल्याउने।

सामाजिक विकास मन्त्रालयः

१. सरकारी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गराउदै घट्दो विद्यार्थी भर्ना तथा संख्यालाई बढाउने गरी पठन पाठनका विधी सुधार र गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम ल्याउने।
२. प्राविधिक शिक्षा र सीप सिकाईलाई विद्यालय शिक्षासँगै शिक्षण संस्थावाट प्राप्त हुने सिकाईलाई आवद्धता गराई जिवनउपयोगी शिक्षाको रुपमा रुपान्तरण गराउने।
३. लुम्बिनी प्रदेशको लागि के कस्तो जनशक्ति आवश्यक छ आँकलन गरी शिक्षा नीति र कार्यक्रम परिमार्जन गर्ने ।
४. आन्तरिक बजार माग अनुरुप तथा वाहय बजारको जनशक्ती माग विश्लेषण गर्दै सामुदायिक विद्यालय र दुरदराजका क्षेत्रमा क्याम्पस र उच्च शिक्षा विस्तार र गुणस्तर अभिवृद्धिमा प्रमुख ध्यान दिने।
५. प्राविधिक शिक्षाद्धारा दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने र उत्पादित जनशक्तिको लेखाजोखा गरी जनशक्तीको रोजगारीको अवस्थामा विश्लेषणात्मक विवरण तयार गर्ने।
६. धार्मिक तथा सनातन शिक्षालय, संस्कृत विद्यालय र बौद्ध शिक्षा माग र संस्कृतिको संरक्षण अवधारणा अनुरुप निर्धारण गरी कार्यक्रम ल्याउने।

सुचना तथा संचार प्रविधि प्रतिष्ठानः

१. कार्ययोजना बनाई प्रदेशमा सूचना तथा संचार प्रविधिको पहुँचमा विस्तार गर्ने तथा गुणस्तर सुनिश्चित गर्ने।

प्रदेश पूर्वाधार विकास प्राधिकरणः

१. संगठन संरचनामा खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालयलाई समेत समेट्नु पर्ने।

प्रदेश योजना आयोगः

१. हालसम्म स्वीकृति दिएका आयोजनाहरुको विवरण तयार गर्ने।
२. स्रोत सुनिश्चितता भएका आयोजनाहरुको विवरण अद्यावधिक गर्ने र आर्थिक मामिला मन्त्रालयसँग सहकार्य गरी स्रोत सुनिश्चितता प्रदान गर्ने।

मुख्यमन्त्री

३. प्रदेश गौरवका आयोजना तथा महत्वपूर्ण आयोजना/कार्यक्रमको विवरण र प्रगति अवस्था अद्यावधिक गरी प्रकाशन गर्ने।

४. प्रदेशको दोस्रो आवधिक योजना तर्जुमाको पूर्व-तयारी गर्ने तथा आगामी आ.व. २०८०/८१ मा कार्यक्रम प्रस्ताव गर्ने।

मुख्यमन्त्री